२०८० भाद्र ३१ कार्यपालिका बैठक कक्ष बैठक सङ्ख्या ०२/०८०/०८१

<u>प्रश्तावहरु</u>

- श्रावन महिनाको समिक्षा सम्वन्धमा,
- निमित्त प्रमुख प्रशासकीय अधिकृत तोक्ने सम्वन्धमा,
- वडा नं. १ र २ मा घुम्ती सिविर संचालन सम्वन्धमा,
- टोल विकास समिति गठन सम्वन्धमा,
- लघु उद्यम विकास कार्यक्रमको वार्षिक बजेट स्वीकृत सम्वन्धमा,
- शिक्षा तर्फको विशेष अनुदानको कार्यक्रम तथा वजेट बाँडफाँट सम्वन्धमा,
- वडा कार्यालयमा कर्मचारी व्यवस्थापन सम्वन्धमा,
- विविध सम्वन्धमा,

<u>निर्णय नं १</u>

यस चालु आ. व. को शुरुवाती श्रावण महिनामा विभिन्न वडाहरुमा भारी वर्षात र हावाहुरिका कारण वडा नं १, २, ३, ४, ५,६,७, ८ मा मुख्य खाद्यान्न बाली मकैबालीको धैरै क्षेती भएको, व्यक्तिका घरहरु, विद्यालयहरुमा क्षेती पुगेको, सार्वजनिक बाटाघाटा र सडकहरुमा क्षेती भइ यातायात अवरुद्ध भएको अवस्थामा क्षेतीको विवरण संकलन गरी बाटाघाटा र सडकहरु सुचारु गर्ने काम भएको सन्दर्भमा व्यापक छलफल गरियो । साथै विपदवाट क्षतिको विवरण र लम्पीस्कीनबाट मृतुभएका पशुवस्तुहरुको लगत तयार गरी विपद व्यवस्थापन समितिको बैठकको सीफारीस वाट तत्काल राहत उपलव्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं २</u>

यस सिस्ने गांउपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री विकास विक्रम शाह राष्ट्रिय योजना आयोगमा सरुवा भएको र असोज १ गते देखि निजले सरुवा रमना पत्र लिइ जान लाग्नु भएकाले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट अर्को व्यवस्था नभए सम्मका लागि यस कार्यालयका प्रशासन तथा योजना शाखाका अधिकृत आठौ तहका श्री चिन्तामणि दाहाललाइ प्रशासनिक कार्य गर्न निमित्त प्रमुख प्रशासकीय अधिकृत तोक्ने निर्णय गरियो ।

CamScanner

२०८० भाद्र ३१ कार्यपालिका बैठक कक्ष बैठक सङ्ख्या ०२/०८०/०८१

**निर्णय नं ३**

यस सिस्ने गाउँपालिकाको वार्षिक विकास कार्यक्रम बमोजिम सिस्ने गाउँपालिका वडा नं. १ र २ मा तपसिल अनुसारका कार्यक्रमहरु समेटेर मिति २०८० असोज २० गते देखि २०८० असोज २४ गते सम्म एकिकृत घुम्ती सिविर संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | कार्यक्रम | स्थान/क्षेत्र | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | स्वास्थ्य सिविर, पंजिकरण, अपाङ्ग तथा जेष्ठ नागरिक परिचयपत्र वितरण, अनुगमन कृषि विउ वितरण | सिस्ने १, भट्टेचौर/ | २०८०/०६/२३ गते | |
| | | सिस्ने २, नायगार | २०८०/०६/२१ गते | |

**निर्णय नं ४**

यस अघि गठन नभएका सिस्ने गांउपालिकाका सवै वडाहरुमा तिहार अगाडि सवै वडाका सवै टोलहरुमा टोल विकास समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

यस चालु आर्थिक वर्ष २०८०।०८१ मा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेडपा सञ्चालनको लागि संघीय सरकारबाट सर्शत अनुदान मार्फत गाउँपालिकामा प्राप्त भएको रु १३,००,०००।-(**अक्षररुपी तेह्र लाख**)वजेटलाई मेडपा कार्यक्रम सञ्चालन निर्देशिका २०७७ अन्तर्गत**उद्यमी सिर्जना तथा स्तरोन्नति**का लागि बजेट तर्जुमाको दायरा अनुसार तपशिल बमोजिमको शिर्षकमा बिनियोजन गरि खर्च गर्ने निर्णय गरियो । साथै वडा नं ७ मा नयां उद्यमी छनौट गर्ने निर्णय गरियो ।

तपशिलः

| क्रस | बजेट खर्च शिर्षक | बजेट प्रतिशत | जम्मा बजेट | सञ्चालन हुने कार्यक्रम |
|---|---|---|---|---|
| १ | उद्यम विकास सहजकर्ता परिचालन | ४६ प्रतिशत | ४४,१६००। | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षका सम्पूर्ण कार्यक्रम |

CamScanner

२०८० भाद्र ३१ कार्यपालिका बैठक कक्ष बैठक सङ्ख्या ०२/०८०/०८१

| क्रस | बजेट खर्च शिर्षक | बजेट प्रतिशत | जम्मा बजेट | सञ्चालन हुने कार्यक्रम |
|---|---|---|---|---|
| | | | | सञ्चालन गर्ने । |
| २ | उद्यम विकासका लागि सामाजिक परिचालन | २ प्रतिशत | १९,२००। | नयाँ उद्यमी सिर्जना गर्ने कार्यक्रमको बारेमा जानकारी तथा नयाँ उद्यमीहरुको पहिचान गर्ने । |
| ३ | उद्यमशिलता विकास तालिम सञ्चालन | ३ प्रतिशत | २८,८००। | नयाँ २० जना उद्यमीलाई उद्यमिशलता विकास तालिम प्रदान गर्ने । |
| ४ | प्राविधिक सिप विकास तालिम | ४७ प्रतिशत | ४५१,२००। | नयाँ २० उद्यमीलाई मागमा आधारित प्राविधिक सिप विकास तालिम सञ्चालन गर्ने र प्रविधि हस्तान्तरण गर्ने । |
| ५ | वित्तिय सेवामा पहुँच | २ प्रतिशत | १९,२०० | नयाँ उद्यमीलाई व्यवसाय सञ्चालनका लागि सहयोग पुर्याउन ऋणको बारेमा जानकारी दिन । |
| ६ | ५ जनालाई समुहमा प्रविधि सहयोग | १०० प्रतिशत | १४०,०००। | आवश्यकताको आधारमा नयाँ तथा पुराना उद्यमीलाई प्रविधि सहयोग |
| ७ | स्तरोन्नति तर्फ तालिम सञ्चालन तथा प्रविधि सहयोग | १०० प्रतिशत | २००,०००। | पुराना ३२ उद्यमीलाई थप तालिम तथा प्रविधि हस्तान्तरण |
| ९ | जम्मा | १०० प्रतिशत | १३००,०००। | आर्थिक वर्ष २०८०।०८१ मा मेडपा कार्यक्रमवाट सञ्चालन हुने सबै कार्यक्रम कार्यान्वयन गर्ने । |

२०८० भाद्र ३१ कार्यपालिका बैठक कक्ष बैठक सङ्ख्या ०२/०८०/०८१

**निर्णय नं ६**

आर्थिक वर्ष २०८०।०८१मा शिक्षा विशेष अनुदान तर्फशिक्षाको पहुँच तथा गुणस्तर सुधारका शीर्षकमा रु. ८०,००,०००/-(असी लाख रुपयाँ) र प्रदेश समपुरक अनुदान शीर्षकमारु. १,००,००,०००/-(एक करोड रुपयाँ)हस्तान्तरण भइ आएकोमा कार्यक्रमगत रुपमा तपशीलका शीर्षकहरुमा खर्च गर्ने भनि निर्णय पारित गरियो।

सिस्नेगाउँपालिका शिक्षा विशेष अनुदान बाँडफाँड २०८०

| क्र सं | कार्यक्रमको नाम | स्थान | विनियोजितबजेट | कैफियत |
|---|---|---|---|---|
| १ | सबै तहका प्र अ र मावि तहका लेखापालहरुलाई लेखा व्यवस्थापनसम्बन्धी क्षमता विकास तालिम | गा पा | ३००००० | |
| २ | विद्यालयहरुमा अक्षर सुधार तालिम कार्यक्रम | गा पा | १०००००० | |
| ३ | अंग्रेजी विषय शिक्षकहरुका लागि क्षमता विकास तालिम | गा पा | ५००००० | |
| ४ | नेपाली विषय शिक्षकहरुका लागि क्षमता विकास तालिम | गा पा | ५००००० | |
| ५ | गणित विषय शिक्षकहरुका लागि क्षमता विकास तालिम | गा पा | ५००००० | |
| ६ | विज्ञान विषय शिक्षकहरुका लागि क्षमता विकास तालिम | गा पा | ५००००० | |
| ७ | बालविकास सहजकर्ताहरुको लागि मन्टेश्वरी तालिम | गा पा | ५००००० | |
| ८ | स्मार्ट शिक्षा सम्बन्धी क्षमता विकास तालिम | गा पा | ५००००० | |
| ९ | स्मार्ट शिक्षा कार्यान्वयनको लागि व्यवस्थापन खर्च | सबै वडका ८विद्यालयहरु | १६००००० | |
| १० | ७ वटा आविहरुमा विद्युती स्यानिटरि प्याड डिस्पोजल मेसिनव्यवस्थापन | सबै वडा | ५००००० | |
| ११ | श्री त्रिभुवन जनता मावि छिप्रिदह विशेष शिक्षा | गा पा | २००००० | |

CamScanner

२०८० भाद्र ३१ कार्यपालिका बैठक कक्ष बैठक सङ्ख्या ०२/०८०/०८१

| | | | | |
|---|---|---|---|---|
| | कक्षा व्यवस्थापन | | | |
| १२ | गाउँ शिक्षा समिति बैठक व्यवस्थापन खर्च | गा पा | २००००० | |
| १३ | विद्यालय अनुगमन खर्च | गा पा | २००००० | |
| १४ | आधारभूत विद्यालय सुद्री भवन निर्माण वा मर्मत | वडा नं २ | ५००००० | |
| १५ | शिक्षा शाखाको स्मारिका प्रकाशन | गा पा | १५०००० | |
| १६ | सवै विद्यालयका प्र अ तथा शिक्षकहरुलाई कम्प्युटर तालिम | गा पा | ३५०००० | |
| | जम्मा | | ८०००००० | |

सिस्नेगाउँपालिका शिक्षा प्रदेश समपुरक अनुदान बाँडफाँड २०८०

| क्र सं | कार्यक्रमको नाम | स्थान | विनियोजितबजेट | कैफियत |
|---|---|---|---|---|
| १ | २० विद्यालयहरुमा स्मार्ट शिक्षा कार्यक्रम कार्यान्वयन | गा पा | ४०००००० | |
| २ | आधारभुत तह कक्षा (१-५) संचालित विद्यालयहरुमा ल्याप्टप व्यवस्थापन | गा पा | १०००००० | |
| ३ | वडा नं४ का विद्यालयहरुमाभित्ते लेखन कार्यक्रम | ४ नं वडा | ६००००० | |
| ४ | वडा नं ८ का विद्यालयहरुमा भित्ते लेखन कार्यक्रम | वडा नं ८ | ४००००० | |
| ५ | आधारभू विद्यालय स्यालापाखा भवन निर्माण | वडा नं ८ | २०००००० | |
| ६ | आधारभूत विद्यालय सिस्नेपोखरी भवन मर्मत तथा कार्यालय व्यवस्थापन | वडा नं १ | २५०००० | |
| ७ | आधारभुत विद्यालय लामपाखा घेराबार | वडा नं १ | २५०००० | |
| ८ | वडा नं २ र ४ मा दिवाखाजा भाँडाकुँडा व्यवस्थापन | वडा नं २ र४ | ५००००० | |
| ९ | आधारभूत विद्यालय नयाँढाँका घेरवार निर्माण तथा मर्मत | वडा नं ४ | १५०००० | |
| १० | आवि ढकालबारा घेरवार निर्माण | गा पा | १००००० | |
| ११ | नवज्योति मावि वल्लेचौर वाल निर्माण | वडा नं | ५००००० | |
| १२ | नवज्योति आवि खरिबोट वाल निर्माण | वडा नं२ | २५०००० | |
| | जम्मा | | १०००००००० | |

२०८० भाद्र ३१ कार्यपालिका बैठक कक्ष बैठक सङ्ख्या ०२/०८०/०८१

निर्णय ७

चालु आर्थिक वर्ष २०८०।०८१मा गाउँपालिका अनुदान करार शिक्षक कर्मचारीहरु र संघीय अनुदान बाट तलव भत्ता खाने प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको थप तलव भत्ता शीर्षकमा रु. २,८७,८८,५००/-(दुई करोड सतासी लाखअठासी हजार पाँच सय रुपयाँ)लाई तपशीलका शीर्षकहरुमा बाँडफाँड गरी खर्च गर्ने भनि निर्णय पारित गरियो।

गाउँपालिकालेशिक्षक कर्मतारीहरुका लागि व्यहोर्नुपर्ने व्ययभार आर्थिक वर्ष २०८०।०८१

| क्रसं | गाउँपालिकाअनुदान | जना | मासिक त भ | जम्मा | १३ महिनाको |
|---|---|---|---|---|---|
| १ | माध्यमिकतह | १२ | २५००० | 300000 | 3900000 |
| २ | निमावि तह | २२ | २२००० | 484000 | 6292000 |
| ३ | प्रावि तह | ३३ | १९००० | 627000 | 8151000 |
| ४ | वालविकासगाउँपालिका अनुदान | १५ | १६००० | 240000 | 3120000 |
| ५ | विद्यालयकर्मचारी | | | | 0 |
| ६ | विद्यालयसहायक लेखापाल | ९ | ६५०० | 58500 | 760500 |
| ७ | विद्यालयसहयोगी | ३७ | ७००० | 259000 | 3367000 |
| ८ | ३ वटाविद्यालयका कार्यालय सहयोगी व्यवस्थापन | ३ | १०००० | 30000 | 390000 |
| ९ | संघीयअनुदानका वालविकास सहजकर्ता तलव भत्ता | २४ | ९००० | 216000 | 2808000 |
| | जम्मा | | | | 28788500 |

निर्णय नं ८

यस गांउपालिकाको वडा नं १, २, ३ र ४ मा पंजीकाधिकारी नहुंदा सेवाग्राहीले दुख पाइरहेको सन्दर्भमा सरल र सहज सेवा उपलव्ध गराउन वडा सचिवहरुको पद पूर्ती नहुञ्जेलसम्म सम्वन्धित वडाका स्थायी स्वास्थ्यकर्मीहरु, नजिक वडाका स्वास्थ्यकर्मी, नजिकका वडा सचिव वा कार्यालयका कर्मचारीहरुलाइ पंजिकाधिकारी तोक्ने र निजहरुलाइ नियमानुसार उपलव्ध हुने सेवासुविधाको प्रवन्ध गर्ने निर्णय गरियो ।

निर्णय नं ९

यस गांउपालिकामा गरिवसंग विशेश्वर कार्यक्रमका सामाजिक परिचालक श्री विष्णु विश्वकर्माले वडा नं ६ मा कार्यालय सहायकको रुपमा काम गरिरहनु भएको र निजको संघिय सरकारवाट प्राप्त हुने मासीक तलव रु १५०००। मा रु ३०००। थप गरी रु १८०००। उपलव्ध गराउदै आएकोमा निजको कार्य जिम्मेवारी बमोजिम न्युन भएकाले असोज १ गतेवाट रु ५०००। थप गरी संघिय सरकारबाट प्राप्तहुने रु १५०००। र पालिकाबाट रु ८०००। गरी जम्मा रु २३,०००। मासीक पारीश्रमीक उपलव्ध गराउन दुइ पक्षिय करार सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं १०

वडा नं ३ मा रहेको पोखरा स्वास्थ्य चौकी र वडा नं २ मा रहेको प्वाङ स्वास्थ्य चौकीमा ल्याव संचालनका लागि उपकरणहरुको व्यवस्था भइ सकेकाले ल्याव सहायकको पद श्रृजना गर्ने निर्णय गरियो साथै पदपूर्तिका लागि आवश्यक प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

निर्णय नं ११

स्यालापाखा, दादीङ र खरीवोट सामुदायिक स्वास्थ्य इकाइमा स्वास्थ्य कर्मीको व्यवस्था गर्न आवश्यक प्रकृया मिलाउने निर्णय गरियो ।